स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ९, अंक २६, २०७९ माघ २४ मंगलवार (Jhuleni Post Weekly 7 Feb. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट
साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय :
प्यूठान न.पा.-४, विजुवार

Email :
jhulenipyuthan@gmail.com

## ४२ दिनमै सरकारबाट बाहिरियो रास्वपा

झुलेनी पोष्ट,
प्यूठान

४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट देशको चौंथो शक्तिसहित राष्ट्रिय दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा सहभागी भएको ४२औं दिनमा नै सरकारबाट बाहिरिएको छ। १० पुसमा प्रधानमन्त्री नियुक्त भएका पुष्पकमल दाहाल प्रचण्डले ११ पुसमा उपप्रधानसहित गृहमन्त्रीको जिम्मेवारी दिँदै रास्वपालाई सरकारमा सहभागी गराएका थिए। त्यसबखत रास्वपाका सभापति रवि लामिछाने उपप्रधानमन्त्रीसहित गृहमन्त्रीको जिम्मेवारी सम्हाल्दै सरकारमा गएका थिए। त्यसपछि ३ माघमा मन्त्रिपरिषद् विस्तार हुँदा रास्वपाबाट दुई सांसद मन्त्री र एक सांसद राज्य मन्त्रीका रूपमा सरकारमा प्रवेश गरेका थिए।

उनीहरूले मन्त्री बनेको २० दिनमा नै राजीनामा दिएका छन्। रास्वपाले आइतबार केन्द्रीय सदस्य र सांसदको संयुक्त बैठकमार्फत् सरकारबाट बाहिरिने तर सरकारलाई दिएको समर्थन कायम राख्ने निर्णय लिएको हो। रास्वपाको सो निर्णयसँगै सो दलबाट ३ माघमा सरकारमा श्रममन्त्री बनेका डोलप्रसाद अर्याल, शिक्षामन्त्री शिशिर खनाल तथा स्वास्थ्य राज्यमन्त्री डा. तोसिमा कार्कीले आइतबार साँझ नै प्रधानमन्त्री प्रचण्डसमक्ष राजीनामा बुझाएका हुन् ।यसअघि नागरिकता मुद्दामा १३ माघमा सर्वोच्च अदालतले सांसद पद खारेज गरेपछि रास्वपा सभापति रहेका लामिछानेले उपप्रधान तथा गृहमन्त्री पदबाट राजीनामा दिएका थिए । नेपाली




नागरिकता पुनः प्राप्तिपछि उनले पुनः पुरानै जिम्मेवारीसहित सरकारमा सहभागी हुने इच्छा राख्दै आइरहेका थिए। तर, प्रधानमन्त्री प्रचण्डले चौतर्फी दबाबपछि रास्वपा र लामिछानेलाई गृह मन्त्रालय नदिने निर्णय लिएपछि रास्वपा सरकारबाटै बाहिरिएको हो ।रास्वपा सभापति लामिछानेले आइतबार पत्रकारसम्मेलनमार्फत आफूले गृहमन्त्री नपाएर सरकार छाडेको नभई आफ्नो दललाई नै गृह मन्त्रालय नदिएकाले सरकार छाडेको बताए । 'मैले गृहमन्त्री नपाएर सरकार छाडेको होइन, सहमतिअनुसार रास्वपालाई सो मन्त्रालय नदिँदा हामीले सरकार छाड्ने निर्णय गरेका हौं,' लामिछानेले पत्रकारसम्मेलनमा पत्रकारको जिज्ञासालाई सम्बोधन गर्दै भने ।

### पासपोर्ट दुरूपायोग गरेको छैन : लामिछाने

*राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफूले अमेरिकी राहदानी र नागरिकता नत्याग्दै नेपाली राहदानी (पासपोर्ट) लिएको तर त्यसको दुरुपयोग नगरेको बताएका छन् । आइतबार राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समिति र संसदीय दलको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा लामिछानेले अमेरिकाबाट नेपाल बस्ने गरी फर्केपछि नेपालमा बसोबास गर्दा चाहिने कागजात बनाएको स्पष्ट पारे । 'नेपालमा बस्नेका लागि केके चाहिन्छ त्यो लिन थालें, त्यसको सदुपयोग, दुरुपयोग, उपयोग केही पनि गरिनँ, जुन दिन अमेरिकी पासपोर्ट र सिटिजनसिप (नागरिकता) बुझाएपछि मात्र त्यसबाट ट्राभल गरें ।' १२/१४ वर्ष बसेको देश अमेरिकाको कागजात च्यातेर हिँड्न नमिल्ने भन्दै उनले त्यहाँ आफ्नो व्यापार, व्यवसाय, दायित्व र ऋण रहेको बताए । तर, स्थायी रूपमा नेपाल फर्किएपछि भने अत्यावश्यक कागजात बनाउन थालेको उनको भनाइ छ। 'आफ्नो देशका लागि चाहिने पासपोर्ट बनाउँदै गर्छु भनेर सोझो चिताएर काम गरेको हुँ, त्यसको कुनै दुरुपयोग गरेको छैन,' लामिछानेले भने ।*

## हाम्रो नजर

### जथाभावि फोहोर फाल्दा खोला प्रदुषित





*जिल्लाका बजार क्षेत्र आसपासका खोलानाला प्रदुषित हुने क्रम बढ्दो छ। खोलाको आसपासमा रहेका पसल, बजार, होटेल तथा अन्य ब्यापार व्यवसाय गर्दै आएका व्यापारी र स्थानीय वासिन्दाले जथाभावी फोहोर फाल्दा खोला प्रदुषित बन्दै गएको हो । प्यूठान नगरपालिका ३, जुम्रिखोला पुलमुनी प्लास्टिकका बोतल, सिसा, कागज, कपडा लगायतका फाहोर यत्रतत्र फालिएका छन् । त्यस्तै झिमरुक खोला नजिकै किनार र नदिमा हेर्ने हो भने दिनहु जसो कागज, प्लास्टिक, मरेका तथा सडेगलेका पशु बग्दै आएको देखिन्छ। जसका कारण खोलानाला दुर्गन्धित बन्दै गएको छ । यही खोलामा बजार क्षेत्र नजिकै वसोवास गर्दै आइरहेका स्थानीयवासीहरु नुहाउन र कपडा धुनका लागि जाने गर्छन। प्यूठान नगरपालिकाले दैनिक रुपमा फोहोर संकलन गर्दै आएपनि यहाँ आसपासका स्थानीयले लाजै नमानि फोहोर फाल्दै आइरहेका छन् । नगरपालिकाले प्यूठान नगरभित्रको फोहोर व्यवस्थापन गर्ने भनी वार्षिक रुपमा करिब ३० लाखको हारहारीमा बजेट छुट्याउदै आएको छ। नगरपालिकाले सिमित व्यक्तिले संकलन गरेको फोहोर मात्र उठाउने गरेपनि खोलानालाको फोहोर व्यवस्थापनमा नजर पुगेको छैन । स्थानीयको लापरबाहीमा नगरपालिकाले चासो नदिदा दैनिक खोला नालामा फोहोरको डङ्गुर थुप्रिएको छ। बजार क्षेत्रको मुख्य सडक आसपासमा रहेका खोलाको नहर प्रदुषित बन्दा प्रदुषणका कारण हावाबाट फैलन रोग बृद्धि हुँदै जाने विषयमा कसले चासो दिने ।*

### मुख्यनाथको स्मृतिमा हाजिरिजवाफ



*स्वर्गद्वारी बहुमुखी क्याम्पस पुण्यखोला प्यूठानले क्याम्पसका संस्थापक मुख्यनाथ तिवारीको स्मृतिमा हाजिरिजवाफ प्रतियोगिता आयोजना गरेको छ । शैक्षिक क्षेत्रको विकासमा प्यूठानमा उल्लेखनीय योगदान रहेका तिवारीको २६ औं स्मृति दिवस शुक्रवार मनाइएको हो । संस्थापकको स्मृतीमा औपचारिक रुपमा क्याम्पसले कार्यक्रम आयोजना गर्ने गरेपनि तिवारिलाई समग्र प्यूठानले सम्झन पर्ने नाम रहेको छ । भारतीय नागरिक रहेका उनलाई प्यूठानमा पढेलेखेको शिक्षक खोज्दै गर्दा उनलाई भेटाएर बाग्दुला ल्याइएको थियो । जिल्लाको हाल जनता माध्यमिक विद्यालय बाग्दुलाका संस्थापक हाइस्कुल सञ्चालक समेत हुन् ।*

*राजा महेन्द्रलाई लिएर लक्ष्मी प्रसाद देवकोटाको शालिकको उद्घाटन गर्ने व्यक्ति समेत उनै तिवारी रहेका थिए । बाग्दुलामा लामो समय अध्यापनमा कार्य गरेका उनि त्यसपछि खलंगामा पढाउन गएका थिए । खलंगामा समेत हाइस्कुल स्थापना गरेर केहिँ समय पढाएका उनि रोल्पा जिल्लामा पढाउन गएका थिए । भारतमा रहँदा ब्रिटिस साथिहरुसँग संगतले कुलतमा फसेका उनलाई परिवारमा मेल नभएपछि नेपाल आएको भन्ने बताइन्छ। साधारण रुपमा कुलतमा फसेको भएपनि नेपालका बिभिन्न ठाउँमा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान धेरैले तिवारीलाई सम्झने गर्दछन् । प्यूठान बिभिन्न ठाउँ सहित रोल्पा र दाङमा समेत हाइस्कुल पढाएका उनले त्यसपछि प्यूठान फर्किएर पुण्यखोलामा जिल्लाको सबैभन्दा पहिलो क्याम्पस स्वर्गद्वारी बहुमुखी क्याम्पस स्थापना गरेको देन यिनैलाई जाने गर्दछ ।*

## जीवनको रङ्ग

### तालिमबाटै सिप सिकेर आत्मनिर्भर

विवस जि.एम.
झुलेनी पोष्ट

परिवारमा आय आर्जन नहुँदा सधैजसो परिवारमा मेल हुने थिएन। एउटाको कमाइले परिवारमा धेरैको गुजारा चलाउनुपर्दा परम्परागत कृषि पेशा गर्ने आफूहरुलाई समस्या रहेको हिमकली घर्तिमगरले बताइन् । साथीहरुसँग लहै लहैमा सिकेको तालिमबाट अहिले भने आत्मनिर्भर भएको उनले खुसी ब्यक्त गरिन्। सिप सिक्दा केहिँ अफ्ठ्यरो भएपनि अहिले व्यवसायिक सफलताले आफूलाई खुसि दिलाएको उनले जानकारी गराइन्।

माण्डवी गाउँपालिका-२, मर्काबाङ्गमा उनि सहित ४ जना उद्यमीहरुले मेहनेत गरे गाउँमै सुन फलाउन सकिने उदाहरण देखाएका छन् । गाउँपालिकाकाले दिएको सीप सिकेर अहिले व्यवसायीक रुपमा अघि बढेका उनीहरु यसैको आम्दानीबाट परिवारको गुजारासँगै बचत समेत गर्दै आएका छन् । गत आर्थिक वर्षमा माण्डवी गाउँपालिकाद्वारा आयोजित आधारभुत ढाका बुनाई तालिम प्राप्त गरेका थिए। तालिम सकिए लगत्तै व्यवसायी बन्ने सोच बनाएका उनिहरुलाई गाउँपालिकाले निःशुल्क रुपमा २ वटा मेसिन सहयोग स्वरुप प्रदान गरेको थियो। आउँदो फागुन ४ गते देखि आयोजना हुन गइरहेको स्वर्गद्वारी प्युठान पाँचौं महोत्सव-२०७९ मा उनिहरुले अतिथि सत्कारका लागि खादाको माग आएकाले लघु उद्यमी समुहवाट उत्पादनको तयारी भइरहेको समुहको अध्यक्ष समेत रहेकी घर्तिमगरले बताइन् ।

चार जनाले सामुहिक रुपमा सुरु गरेको व्यवसायवाट दैनिक २/२ वटाका दरले ८ वटा सम्म खादा उत्पादन गर्न सकिने उनको भनाई छ। यो उद्योगबाट उनीहरुले अहिले माग अनुसार बर्की, सल, खादा आदि उत्पादन गरि विक्री गर्दै आइरहेका छन्। आर्थिक रुपमा समेत केही आत्मनिर्भर हुने अवस्था आएकोमा उनिहरु अहिले गरिरहेको पेशाबाट सन्तुष्ट रहेको उद्यमीहरुको भनाई छ। आधुनिक रुपमा धेरै उत्पादन गर्न सकिने मेसिन औजारको सुविधा भएमा आफूहरुसँगै धेरैले रोजगार पाउन सक्ने उनिहरु बताउँछन् । बजारमा रेडिमेट आउने सामान आकर्षक हुने भएकाले धेरै उत्पादन गर्दा बजारीकरणमा समस्या रहेको उद्यमीहरुको गुनासो छ।

आफूहरुको व्यवसाय विस्तारका लागि स्थानीय सरकारसँग स्तरोन्नति तालिम सहित आधुनिक प्रविधिको समेत माग गर्न चाहेको बताए । विगत देखिनै सरकारले उद्यमशीलताको क्षेत्रमा महत्वपूर्ण लगानी लगाउँदै गरेपनि कतिपयले तालिममा मात्र सिमित रहने गरेका छन् । पछिल्लो समय अनुदानका साथै तालिम लिने तर काम नगर्ने बेथिति बढ्दै जाँदा आफूहरु जस्ता उद्यमीहरुलाई अनुदानका कार्यक्रम पार्न समस्या रहेको उनीहरुको भनाई छ।

झुलेनी पोष्ट
सम्पादकीय....


# राजनीतिलाई अस्थिर नबनाउँ

*नेपालमा परिवर्तनका खातिर थुप्रै आन्दोलन भए। आन्दोलनमा आफ्नो ज्यान र परिवारको प्रवाह नगरि धेरैले साहदात प्राप्त गरेका छन् । नेपालमा राजनीतिक दल स्थापनासँगै कहिल्यै पनि स्थिर भएन । जहिल्यै राजनीतिलाई अस्थिर बनाउने खेल चलिरहे । प्रधानमन्त्री पुष्पकमल दाहाल सरकारले विश्वासको मत लिएको एक महिनापछि गृहमन्त्रीको बहिर्गमनसँगै राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थन गुमाउने अवस्थामा पुगिसकेको अवस्था देखिन्छ । रास्वापा सरकारबाट बाहिरिएपनि विश्वासको मत रहिरहने बताउँदा राजनीतिक खेलको हिसावमा धेरैका आ-आफ्नै अड् कलबाजि छन् । त्यति मात्र होइन प्रमुख प्रतिपक्षि दल नेपाली कांग्रेसले पनि विश्वासको मत दिएकाले अहिलेको सरकारका बिरुद्ध भएको चलखेल हो वा समर्थनमा भएको खेल हो यसै भन्न सकिने स्थिती छैन । जसका कारण राजनीतिक अस्थिरता आउने र छाउनेमा चिन्ता थपिएको छ ।*

*अहिले गृह मन्त्रालय प्रधानमन्त्रिसँग रहेको र अरू कुनै पार्टीले नपाएको अवस्थामा यो पुनः सरकारमा जान स्वतन्त्र पार्टीलाई सरकारमा ल्याउन प्रधानमन्त्रीलाई सहज साँघुका रूपमा हेर्न थालिएको छ । तर रास्वपासँग धेरै कुरा जोडिएर आउने वातावरण सिर्जना भएको छ । प्रतिपक्षमा रहेर पनि सरकारलाई समर्थन गरिरहेको संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको व्यवहारले गर्दा पनि रास्वपाका लागि सरकारलाई दिएको समर्थन फिर्ता गर्ने कुरा निकै पेचिलो हुन गएको छ । त्यसैले पनि यसले सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको देखिन्छ । माघ १५ मा अमेरिकी नागरिकता त्यागेको निस्सा बुझाएर जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पुनः नेपाली नागरिकता प्रमाणपत्र लिएका रास्वपा सभापति लामिछानेले नेपाली नागकिता लिएलगत्तै प्रम प्रचण्डलाई भेटेर आफूलाई उपप्रधान तथा गृहमन्त्रीको शपथ खुवाउन आग्रह गरेका पनि थिए ।*

*यो कारणले पनि हालको गठबन्धन कमजोर बनेको विश्लेषण गर्न सकिन्छ । किनकि मुलुक थप अस्थिरतातर्फ लैजाने विभिन्न खाले खेललाई मलजल गरेको प्रष्टै बुझ्न सकिन्छ । विभिन्न शक्तिकेन्द्रहरू विभिन्न बहानामा नेपालाई अस्थिर बनाइरहने र आफ्नो स्वार्थपूर्ति गर्ने दाउ रहेको देखिन्छ । यस्ता खेललाई सबै मिलेर परास्त गर्नुको बिकल्प छैन । प्रधानमन्त्री र सत्ता साझेदारी दल यो विषयमा झनै चनाखो हुन जरुरी छ । राष्ट्रपतिको निर्वाचनमा हुन सक्ने सत्ता समीकरणको खेलको पूर्वसन्ध्यामा प्रचण्ड सरकार कमजोर बन्दै गएको सन्देश आइरहँदा राजनीतिलाई अस्थिर बन्न नदिन सबै मिलि अघि बढ्नुपर्ने देखिन्छ ।*

# अर्थतन्त्र सुधार्न साझा आर्थिक सहमति



डा. रेवत बहादुर कार्कि

नेपालको अर्थतन्त्रको अवस्था कस्तो छ भन्ने पक्ष विपक्षमा बहस भइरहेको छ। गठबन्धनका पूर्वअर्थमंत्रीले बाह्य क्षेत्रमा सामान्य सुधार आएको आधारमा अर्थतन्त्र राम्रो स्थितिमा छाडेको दाबी गरेका छन भने केन्द्रीय बैकले पनि आफूले लिएको नीतिगत कारण केही सुधार भएको दाबी गर्दैछ। तर वास्तवमा स्थिति परक छ। बाह्य क्षेत्रमा केही सुधार आए तापनि अन्य क्षेत्रको स्थिति खास सुधार आएको छैन, बरु सबल भनिएको बैंकिङ क्षेत्र धराशायी हुँदै गएको देखिन्छ। सतहगत नभई गौणरूपमा र संरचनात्मक मूल्यांकन गर्ने हो भने अर्थतन्त्र साँच्चिकै कमजोर अवस्थामा छ। करिब सात दशकको योजनाबद्ध र प्रजातन्त्र पुनर्स्थानापश्चातको तीन दशक वढीको प्रयासका बाबजुद पनि नेपाल अझै विश्वका ४६ कम आय भएका मुलुक अर्थात गरिब देशभित्रै पर्छ।

अर्थतन्त्र दीर्घकालीन संरचनात्मक समस्याबाट माथि उठ्न सकेको छैन। यही परिप्रेक्ष्यमा अर्थतन्त्रको अवस्था र संरचनात्मक समस्याहरूलाई विश्लेषण गरी अर्थतन्त्रलाई सर्वदलीय आर्थिक सहमतिसहित यथार्थमा कसरी सुधार्न सकिन्छ भन्नेबारे यो लेख केन्द्रित छ।

अर्थतन्त्रको स्थिति एक दुई क्षेत्रको एकांकी विश्लेषण गरेर हुँदैन। यसका चारै क्षेत्र ९अकी अर्थमा चारै खाता०( वास्तविक, सरकारी वित्त, वित्तीय क्षेत्र र वैदेशिक व्यापार तथा भुक्तानी क्षेत्र ९बाह्य० का आधारमा समीक्षा गर्न आवश्यक छ। यस आधारमा अर्थतन्त्र संकटोन्मुख अवस्थामा रहेको देखिन्छ। वास्तविक क्षेत्र नै दीर्घकालीन र संरचनात्मरूपमा कमजोर छ। उदार आर्थिक नीतिमा विचलनका साथै नीतिगत अस्थिरता, निर्यात तथा उद्योग भन्दा आयात र व्यापार गर्न सहज नीति, कमजोर पूर्वाधार, लगानीको भरपदी आधार कुल गार्हस्थ्य बचत जिडिपीको १० प्रतिशत भन्दा कम हुनु, अतिकमजोर सुशासन, अनुकूल लगानी वातावरणको अभावमा कुल लगानीमा तीन चौथाइ र जिडिपीमा ८० प्रतिशत योगदान गर्ने निजी क्षेत्र र विदेशी लगानी निरुत्साहित देखिन्छ। सरकारी राहतको अभावमा कोभिडको असरले रोजगार र व्यवसाय गुमाएका अधिकांश साना व्यवसायी पुनर्स्थापित हुन नसकिरहेको स्थितिको साथै कोभिडपछि हालसम्म पाँच वर्षमा मुख्यतः आर्थिक संकटले गर्दा आत्महत्या ३३ हजार पुगेको डरलाग्दो स्थिति एकातर्फ छ भने अकीतर्फ लामो तरलता संकट, अति न्यून पुँजीगत खर्च र अस्थिर नीति र नियमनले गर्दा आर्थिक गतिविधि सुस्ताएकै छ।

अकी महत्वपूर्ण क्षेत्र सरकारी वित्तको स्थिति कमजोर रहँदै आएकामा हालसाल झन भयाबह हुँदै गइरहेको छ। विगत धेरै वर्षदेखि राजस्व सामान्यतया १६(१७ प्रतिशतले वढिरहकामा चालुआवको प्रथम ६ महिनामा २० प्रतिशतले कम भई बढ्दो चालु खर्च पनि धान्न नसकेको स्थिति सिर्जना भयो जबकि पहिले राजस्वले चालु खर्च जेनतेन धान्दै आएको थियो। आर्थिक वृद्धि बढाउनमा योगदान गर्ने संघीय पुँजीगत खर्च पछिल्लो तीनै आवको प्रथम ६ महिनामा न्यून प्रशोचण क्षमताले गर्दा १३(१४ प्रतिशतको अति न्यून वृद्धि हुनलु संकटपूर्ण स्थिति संकेत गर्दछ। त्यस्तै बढ्दो संघीय चालु खर्च र धान्नै नसक्ने प्रदेशको बढ्दो खर्च रोक्न पनि नसक्ने र पुँजीगत खर्च बढाउन पनि नसक्ने स्थिति एकातर्फ छ भने अकीतर्फ वैदेशिक सहायतासहितको सार्वजानिक ऋण विगत ३र४ वर्षमा दोब्बर ९जिडिपीको ४०र४२ प्रतिशत० पुगेको मात्र होइन यस्तो कर्जा अधिकांश अनुत्पादनशील छ। दुई पक्षीय ऋण मिनाहा भएबाहेक सावा ब्याज भुक्तानी ९डेब्ट सभिसिङ० बढ्दो छ। महालेखाले २ खरब भन्दा बढी वार्षिक बेरुजु देखाउनु र अकीतर्फ अरबौं गैरबजेटरी निकासाले सरकारी खर्च प्रणालीको नांगो तस्बिर दर्शाउँछ। सबल भनिएको वित्तीयरबैकिङ क्षेत्र पनि धराशायी हुँदै गएको देखिन्छ। अर्थतन्त्रको क्षमता भन्दा बढीले बैंक तथा वित्तीय ९बैंवि० संस्थाको चुक्ता पुँजी वृद्धि गरिनु, कोभिड असरमा नियमन खुकुलो गर्नु तर जोखिममा आधारित नियामकको सुपरीवेक्षण कमजोर रहनु, लामो तरलता संकट, विना सुविधा अनिवार्य प्राथमिक क्षेत्रमा लगानी निर्देशन, बैंवि संस्थाको इमानदारिता कम भई सदाबहार राम्रो ९एभरग्रिनिङ० ऋण अधिकांश हुनु, कहिले निर्देशनबाट ब्याज दर तोक्नु, कहिले उच्च ब्याज हुँदाहुँदै बैंक अधिकारी नै ब्याज अझै बढ्दैछ भनी मौद्रिक निकाय नै राजनीतिक, हस्तक्षेपकारी, र इरासनलरूपमा विचलित नियमन गर्नु जस्ता कारणहरूले यो क्षेत्र निकै जोखिमपूर्ण भएको छ।

औपचारिक तथ्यांककै आधारमा पनि २०७९ पुसमा बैंकिङ क्षेत्रको निष्क्रिय कर्जा गत वर्षको रु। ४६ अरबवाट १०० अरब पुगेको छ जुन प्रतिशतका आधारमा १।२ प्रतिशत विन्दुवाट करिब ११७ प्रतिशतले बढी २।५ प्रतिशत विन्दुमा पुगेको छ। त्यस्तै बैंकिङ क्षेत्रको रु। ४६ खर्बको कुल कर्जामध्ये करिब रु। १९ खरब ९४० प्रतिशत० कर्जा जोखिमपूर्ण चालु पुँजी कर्जाका रूपमा साथै रु। २ खरब ९१७ प्रतिशत० सहुलियत कर्जा वक्यौतारजोखिमपूर्ण रहेको तथ्यांकले देखाउँछ। कोभिडपछि बढ्दै गएको ऋणीहरूको कालो सूची संख्या अघिल्लो वर्षको ४८८० बाट २०७८।७९मा झण्डै तेब्बर १३५१० पुग्नु अतिजोखिमपूर्ण स्थितिको संकेत हो।

बाह्य क्षेत्र निरन्तर संरचनात्मक समस्याबाट सब भन्दा पीडित क्षेत्र हो। शोधनान्तर तथ्यांक आव २०३१।३२ वाट प्रकाशन सुरु गर्दादेखि नै आयात उच्च तर निर्यात वृद्धि कम भई निरन्तर व्यापार घाटा बढी हालका वर्षहरूमा जिडिपीको एकतिहाइ भन्दा वढीले बढ्दै जानु खतरापूर्ण स्थिति हो। २०५१।५२ मा आयातमा निर्यातको अंश ३७ प्रतिशत थियो भने हालका वर्षहरूमा यो अंश ७र८ प्रतिशतको दयनीय स्थितिमा छ। शोधनान्तर स्थितिको चालु खातामा कुनै वर्षमा बचत भएको अपवादबाहेक निरन्तर घाटामा जानु अकी संरचनात्मक समस्या हो। शोधनान्तरमा पनि विप्रेषण, अनुदान र बाह्य ऋणले गर्दा सामान्तया बचत हुने तर यी शीर्षकमा रकम कम आउनासाथ बेलाबेलामा शोधनान्तर घाटा पनि हुँदै आइरहेको छ। औपचारिक आयात नियन्त्रण, आइएमएफसहितको बाह्य ऋण र विप्रेषणको वृद्धिले चालु आवको प्रथम पाँच महिनामा शोधनान्तरमा रु। ४६ अरब बचत मूतको न्यानोको रूपमा अल्पकालीन सुधारको साथै ७र८ महिनाको वस्तु तथा सेवा आयात गर्ने विदेशी विनिमयको स्टक निर्यात-आय प्रवाह अति कमजोर रहेको हुँदा बाह्य क्षेत्र कमजोर भएमा यस्तो स्टक सिद्धिन धेरै समय लाग्दैन।

माथि चारै क्षेत्रको विश्लेषणबाट दीर्घकालीन संरचनात्मक समस्याले अर्थतन्त्र संकटोन्मुख छ। २०५१ सालपछिका केही अपवादका सरकारवाहेक सबै दलका सरकार प्रणालीगत सुधार भन्दा सत्तामा नै लिप्त भएका छन्‌ जसबाट अर्थतन्त्र यस्तो अवस्थामा आइपुगेको छ। तर पनि प्रमुख दलहरूले अर्थतन्त्रको क्षमता ख्याल नगरी निवार्चन घोषणापत्रमा सामाजिक सुरक्षा वृद्धिसहितका विभिन्न सुविधा दिने प्रतिबद्धता गर्नु अनुत्तरदायित्वको पराकाष्ठा हो। हालको गठबन्धन सरकारले अनुत्तरदायित्वपूर्ण किसिमले घट्दो राजस्वको समस्या हुँदाहुँदै केही सुविधा घोषणा गर्नु र सतही खर्च कटौतीको प्रस्ताव गरेको देख्दा यो सरकार पनि सत्ता जोगाउनेबाहेक अर्थतन्त्रको खासै समस्यामा इमानदार भएको देखिँदैन। यस्तो कमजोरीका बाबजुद पनि अर्थतन्त्र येनकेन चलिरहेको छ भनी अझै यसमाथि खेलवाड गरिएमा कुशासनले गर्दा दक्षिण एसियाका सब भन्दा राम्रो अर्थतन्त्रको देश श्रीलंकाको हालको हालतबाट नसिक्ने ?

यी सवै समस्या र अनुभवका आधारमा अब यहाँ पनि अर्थतन्त्रमा प्रणालीगत सुधार गर्न ढिला गर्न हुदैन। दलहरूले राजनीतिक समस्यामा रातारात संविधान संशोधन र सर्वदलीय सहमति गरेका छन्‌ तर आर्थिक अजेन्डामा भने अहिलेसम्म कुनै सहमतिको प्रयास नहुनु अकी विडम्बना नै हो भने अकीतर्फ दलीय सरकारहरूले राष्ट्रिय स्वार्थ भन्दा दलीय स्वार्थको राजनीतिक प्रवृत्ति हावी छ। वर्तमान गठबन्धनको सरकार सर्वदलीय विश्वासको मतको सरकार भएकाले पनि यो सरकारले चाहेमा आर्थिक अजेन्डामा सहमति गराउन सक्ने अवस्था छ। त्यसैले यो सरकारले अर्थतन्त्रको सुधारार्थ दुई काम गर्नुपर्छ, पहिलोस् क० आर्थिक

बाँकि ३ पेजमा.....

# श्रीमान, छोराछोरी सबै विदेश, म बुढि यहाँ एक्लै !





राधिका ढकाल

मेरो सदाको दैनिकी अफिस सकेर घर फर्कंदै थिएँ। सुन्धारा आइपुगेर कोचाकोच गरी सहचालकले सामानका बोरा कोचेजस्तै गरी मान्छे कोच्दै थिए। त्यही भिडमा म पनि हतार हतार बसमा जसोतसो उभिन मिल्ने गरी दुबै गोडालाई बलियो गरी टेके । ट्राफिकले गाडी नरोक भन्दै हातले संकेत गर्दै गाडी अगाडि बढाउन अनुरोध गर्दै थियो। ड्राइभरले ब्रेक दबाएका मात्रै के थिए, बसमा उभिएका सबै मानिस यताउता भैहाले। मेरो कानमा एउटा आवाज आयो। 'अहो १ तपाई नि यहीं हुनु हुँदो रहेछ। कहाँ  पुगेर आउनु भा ?' म पछाडि फर्कन नपाउँदै एक महिलाले जवाफ फर्काइहालिन।

'यसो किनमेललाई आएको थिएँ। हेर्नुस न ढिला भैसकेछ, फर्किन रात पर्न लागेसी त कस्तो भिड भाको गाडी पनि।' म यसो कोल्टे परेर उनीहरूलाई हेर्ने प्रयास गरे। तर भिडले गर्दा मुन्टो फर्काउनै सकिन। होस भैहाल्यो, म मेरै ठाउँमा उभिएँ। उनीहरू गफमै मस्त भुलिए। म उनीहरूकै साइडमा भएको भएर कुरा सुन्दिन भन्दा पनि कानमा बज्रियो। ती पुरूषले सोधे अनि, 'नानीबाबु कता छन आजभोलि? ठूला भए होलान है?' महिलाले जवाफ फर्काउँदै भनिन, 'छोरी त क्यानडा छे। छोरो पनि पर्सि अस्ट्रेलिया जाँदैछ। बाबुनानीको बाबा त अमेरिका बस्नु भएको पनि दस वर्ष भैसक्यो यहाँ म बुढी एक्लै।' 'ए हो र, कत्ति भयो ठूली नानी गाकी' पुरूषले सोधे। 'एक वर्ष भयो नि !' महिलाले जवाफ फर्काइन।

'ए ! बेलैमा छोराछोरी हुर्किहालेछ्न ढुक्क भयो नि तपाईंलाई। मेरो नि छोरो अमेरिका गाको पाँच वर्ष भयो अब हाम्लाइ नि लग्छु भन्या छ उतै को कुइरिनी हो बुहारी'  पुरूषले भने। गाडी लैनचौर पुगेको थियो। बाटोभरी म जस्तै धेरै युवायुवतीहरू गाडी कुर्दै थिए। म भएको गाडी पनि लैनचौरमा रोकियो। गाडीको ढोका नै लगाउन नमिल्ने गरी सहचालक दाइले यात्रु कोचे। केहीबेरलाई ती दुई जना व्यक्तिको संवाद रोकियो। मेरो मन मस्तिष्कले उनीहरूको कुरालाई मनमा दोहोऱ्याएर खेलाइरह्यो। सोह्रखुट्टेको ओरालो लागेपछि फेरि उनीहरूले गफ सुरू गरे। 'अब कहिले जानुहुन्छ त तपाईं?', महिलाले सोधिन। 'अब एक दुई महिनामा जान्छु, अहिले भिसाको काम हुँदैछ।' 'अनि तपाईंलाई चाहिँ बुढाले बोलाएका छैनन?', ती महिलाले मलिन स्वरमा भनिन, 'खै के भनौं छोराछोरी हुर्किहाले अब उनीहरूले बोलाए उतै जान्छु। श्रीमान त छन कि छैनन भन्दा छन भन्ने बाटो मात्रै भएको छ।'

मनमा गुम्सिएका उनका गाँठो मज्जाले खोल्न पनि सकिनन। सबै पीडालाई पोको पारिन र भनिन, 'म झर्ने ठाउँ आउन लाग्यो अगाडि जान्छु राम्रोसँग जानुस है' भन्दै उनी उभिएको ठाउँदेखि ढोकातिर लागिन। मेरो मनमा भने उनको लागि दया पलाएको थियो। मान्छे हेर्दा मेरै आमाको उमेरको जस्तै थिइन उनी। दस वर्षदेखि नेपाल नै नआएका श्रीमान अनि भएका दुई सन्तान पनि विदेश गएका ।। उनलाई सायद कुनै पनि सुखको कमी नहोला तर खुसी भने पक्कै छैनन उनी। खुसी को सँग हुने, केसँग हुने? श्रीमानको आफ्नो जीवनशैली, छोराछोरीको आआफ्नो शैली, उनको आफ्नो। चार जना चारतिर। परदेशिनु पर्ने बाध्यता कस्को घरमा नहोला र , मेरो घरमा पनि थियो, छ र हुने नै छ । तर मेरो पनि आमा बा अनि म र बहिनी काठमाडौंमा दुस्ख सुख गरी बसिरहेका छौं। अहिले मेरो उमेरका साथीहरू लकी लागेर त्रिभुवन विमानस्थलमा उभिएको देख्दा लाग्छ, विमानस्थलले मेरो पनि बाटो हेरेर बस्दै छ। रहर होस वा बाध्यता, विदेश जानैपर्ने। नेपालमा  बसेर उच्च शिक्षा हासिल गरौं भने पनि त्यही हो दक्ष प्रविधियुक्त शिक्षा अभाव छ जसोतसो पढे पनि रोजगार पाउनै गाह्रो। पाइहाले पनि प्राइभेट अफिसको हालत त सबैलाई थाहा नै होला तलब त्रिभुवन विश्वविद्यालयको नतिजा जस्तै हो कहिले आउँछ थाहा नै हुन्न पारिश्रमिक को आशमा बस्दा बस्दै दसैं आउँछ। मनमनै यस्ता गुनासोहरू आफैं चन्चल गर्दै थिए। ती महिला कहाँ झरिछन गाडीको भिडले चाल नै पाइनँ।

पाऊँ पनि कसरी अफिस टाइमको गाडी,  त्यो पनि उभिन मुस्किल परेको छ दिनभरीको थकान त छँदैछ। गाडी बालाजु पुगेको थियो। ती महिलाको बोली फेरि पनि मनमा खेल्यो 'म बुढी यहाँ एक्लै।' म पनि विदेश गए भनी त मेरी आमाको पनि यही दिन आउँछ। बिचरी ती मेरी आमा गाउँबाट मलाई एक्लै काठमाडौं पठाउन नसकेर उनी नै मलाई लिएर आएकी थिइन। बिहान अफिस हिँडेपछि बेलुकी घर नपुग्दासम्म घरको कौसीमा बसेर उनी मेरो बाटो कुर्दै हुन्छिन।
अब म परदेश नै गएँ भने त उनी आकाशमा उडेको प्लेन हेर्दै मेरो छोरी गै भन्छिन होला। त्यो भन्ने दिन कहिल्यै नआओस भौतिक सुख सुविधा त सबैले पाएका होलान तर विदेशी भूमिमा बसेर खुसी भने कोही छैन। पर्याप्त मात्रामा नेपालमा रोजगारीको अवसर भैदिएको भए यसरी कलिलै उमेरमा जहाज चढ्नुपर्ने थिएन। विदेशिएका श्रीमानहरूले नेपालमा केही उपलब्धि देखेको भए फर्केर पक्कै आउने थिए। वैदेशिक रोजगारले गर्दा गाउँको मुहार फेरिएको होला। खरको छानो टिनमा परिणत भएको छ। नेपाली विद्यार्थीले उच्च शिक्षा हासिल गरेका त होलान तर नेपालीपनलाई पाउन र भुलाउन भने पक्कै सकेका छैनन। नेपालको राजनीतिक अस्थिरता र सरकारी ढिला सुस्तीले गर्दा शिक्षा तथा स्वास्थ्य क्षेत्रका अधिकांश योजना भताभुङ भएका छन। युवापुस्ताले आफूहरू मात्र  नेतालाई संसद र सरकारमा पुर्याउनका लागि भर्याङ्ग भएको र ठूला बडा भनौंदा टाउकेहरूबाट देशको लागि केही हुन नसकेको कारण देखाउँदै निराश हुनुपर्ने अवस्था छ।

यही अवस्थामा नेपालमा बसेर एउटा सर्टिफिकेट मात्र लिएर केही गर्न नसकिने ठम्याइ मजस्तो युवा पिढीमा छ। जसले गर्दा पनि विद्यार्थी भिसामा विदेश जानेको संख्या ह्वात्तै बढेको छ। केहीवर्ष अगाडिलाई फर्केर हेर्ने हो भने नेपालीहरू खासगरी स्नातक र स्नाकोत्तर पछिको थप शैक्षिक उपलब्धीको लागि वैदेशिक अध्ययनमा जाने चलन थियो र यसको लागि विदेशिने धेरै नेपालीहरूले आफूलाई जाँदाको उद्देश्य अनुरूपको शैक्षिक उपलब्धिमै लगाउने गरेको कुरा रेकर्डले पनि बताउँछ र नगन्य मात्र आफ्नो उद्देश्य छोडेर आर्थिकोपार्जनतिर केन्द्रित भएको देखिन्छ। तर अहिलेको अवस्था त्यस्तो छैन, अहिले त यहाँ जनतन कक्षा १२ को परीक्षा उत्तीर्ण गरेपछि थप अध्ययनको लागि जाने विद्यार्थीको संख्या  लाखौं पुग्न थालेको छ। यही स्थिति कायम रहे अबका केही वर्षमा नेपालका धेरै विश्वविद्यालयहरू विद्यार्थीको अभावमा बन्द हुनेछन।

अनि त्यहाँ अध्यापनरत हजारौं प्रध्यापक जो अहिले राष्ट्रका सबैभन्दा माथिका बौद्धिक स्रोत हुन र हजारौं कर्मचारीहरू पनि बेरोजगार हुनेछन। अपेक्षा गरौं यो दिन नआओस। आफ्नो क्षमता र दक्षताले भेट्ने रोजगारीको सिर्जना होस। नेपालमा सामान्य व्यक्तिलाई आफ्नो सामान्य दैनिकी  चलाउन आवश्यक पर्ने आधारभूत आवश्यकता पूरा गर्न भन्दै विदेशिनु पर्ने बाध्यता रोकियोस। ती गाडीमा भेटिएकी महिलाजस्ता कयौं महिलाले आफ्नो श्रीमान छोराछोरीबाट टाढा भएर बस्नुपर्ने अवस्था अन्त्य होस। गाडी स्वयम्भू पुगेर रोकियो।  म निराश हुँदै ओर्लिएँ।

सेतोपाटी अनलाइनबाट साभार ।

**अर्थतन्त्र सुधार्न .....**

सुधार अजेन्डामा सर्वदलीय सहमति कायम गराउने र दोस्रोस् ख० तत्काल गर्नुपर्ने आर्थिक सुधार। सर्वदलीय आथिक अजेन्डामा समावेश हुनुपर्ने विषयहरूस् १० २०४७ सालदेखि लागु भएको उदार आर्थिक नीतिमा केही विचलन आए पनि हालसम्म यही नीतिले गर्दा जेनतेन अर्थतन्त्र चलिरहेको हुँदा उदार नीति र निजीकरण नीतिमा केही सुधारसहित नीतिगत स्थिरतामा आवश्यक छ जबकि भारतमा हङ मालियमेन्टको सरकार हुँदा पनि उदारसहित नीतिगत स्थिरताले देश धेरै विकास गरेको छ भने एकदलीय कम्युनिस्ट देश चीनमा निजीकरणसहितको उदार नीतिको स्थिरताले विकासमा कायापलट गरेको छ।
२० सामाजिक सुरक्षा खर्च अर्थतन्त्रले धान्न नसक्ने गरी वार्षिक २ खरब भन्दा बढी भैसकेको हुँदा अर्थतन्त्रको क्षमतानुसार सामाजिक सुरक्षा प्रदान गर्न र त्यसलाई आर्थिक हैसियतका आधारमा विवेकीकरण गर्ने। ३० पछिल्लो सार्वजनिक खर्च पुरावलोकन आयोगको सिफारिसलाई पुनरावलोकन गरी दुई चरणमा सरकारी खर्च कटौती गर्ने साथै धान्नै नसक्ने प्रदेशको बढ्दो खर्च घटाउने।

४० हालै श्रीलंकाले आधा सेना घटाइ खर्च कटौती गर्ने नीतिको सन्दर्भमा नेपालमा माओवादी द्वन्द्वलाई दृष्टिगत गरी सेना संख्या ४० हजारबाट ९० हजार पुराइएको र नयाँ सशस्त्र प्रहरी गठनले सेना र प्रहरीमा कुल खर्च एक खरबको हाराहारी ९चालु खर्चको करिव ११ प्रतिशत० भएको र अब द्वन्द्व समाप्त भएको साथै दुई विशाल शक्तिशाली देश भएको परिप्रेक्ष्यमा नेपालको सेना संख्या पहिलेको संख्या वा २५ हजारमा सीमित गर्ने र सशस्त्र प्रहरीको पुनरावलोकन गरी हटाइ पाँच वर्षमा व्यापक खर्च घटाउने। ५० न्यून लगानी र न्यून पुँजीगत खर्च बढाउन स्पष्ट मापदण्ड बनाउने।
६० कृषिलाई प्रतिस्पर्धात्मक र आधुनिकीकरण गर्न, निर्यात बढाउन र आयात प्रतिस्थापन गर्न मापदण्ड बनाउने। ७० रिजरभ्वायरमा आधारित १२०० मेगावाटको बूढी गण्डकी आयोजना कार्यान्वयनमा सरकारैपिच्छे निर्णय उल्टाउँदा हालसम्म कार्यान्वयन नहुँदा यस्ता रिजर्भ्वायरसहितका राष्ट्रिय महत्वका ठूला आयोजनामा सहमति गर्ने। ८० राजनीतिक नियुक्त नियामक निकायसहितका सार्वजनिक पदाधिकारीले राजनीति गर्न नपाउने।
९० कालो सूचीमा नेपाल पर्न लागेको हुँदा यससम्बन्धी आवश्यक कानुनी व्यवस्था गर्ने र कार्यान्वयन पक्षमा तत्काल जोड दिने इत्यादि। खर्च तत्काल गनुपर्ने सुधारस् सरकारले उपयुक्त सहमति गरी सुधार गर्नुका अतिरिक्ति जनताले अनुभव गर्ने गरी सार्वजानिक सेवामा तत्काल सुधार गर्ने, निष्क्रिय कर्जा अधिक बढी संकटोन्मुख बैकिङ प्राणालीको अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ फर्मद्वारा मूल्यांकन गरी सुधार्ने, सुशासन कायम गर्ने विशेष व्यवस्था गर्ने साथै चारै क्षेत्रमा माथि उल्लेखित समस्याहरूको समाधानार्थ अन्य उपाय तत्काल अपनाउने व्यवस्था गर्नु आवश्यक छ।


## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान, लुम्विनी प्रदेश

# “स्वर्गद्वारी प्यूठानमा पर्छ र ? भन्ने भ्रम थियो”

प्यूठानको मायाको चिनो स्वर्गद्वारीको फ्रेममा राखेको फोटो दिँदा काठमाण्डौ चेम्बर अफ कमर्सका तत्कालिन अध्यक्ष राजेशकाजी श्रेष्ठ “म आफु दाङ हुँदै प्यूठान पुगेको थिए के स्वर्गद्वारी प्यूठानमा पर्छ र?” भनेर प्रश्न गर्नुभयो ।



**इमानसिंह भारती**

प्यूठान उद्योग वाणिज्य संघको भ्रमणमा पहिलो पटक निस्केका थियौं । म त्यस समय महासचिव थिए । राजधानी, पर्यटकीय नगरी र व्यापारीक क्षेत्र हाम्रा गन्तव्य थिए अर्थात बुटवल, चितवन, हेटौडा, विरगञ्ज, विराटनगर हुँदै इलाम र दार्जिलिङबाट फर्केर काठमाण्डौ, पोखरा, पा ल्पा हुँदै नेपालगञ्जसम्म त्यो लामो भ्रमणले प्यूठान उद्योग वाणिज्य संघको आन्तरिक मजबुति मात्र होइन प्यूठान पर्यटनको पनि प्रचारमा निक्कै सहयोग पुगेको थियो ।

प्यूठानको मायाको चिनो स्वर्गद्वारीको फ्रेममा राखेको फोटो दिँदा काठमाण्डौ चेम्बर अफ कमर्सका तत्कालिन अध्यक्ष राजेशकाजी श्रेष्ठ “म आफु दाङ हुँदै प्यूठान पुगेको थिए के स्वर्गद्वारी प्यूठानमा पर्छ र?” भनेर प्रश्न गर्नुभयो । हामी सवैले प्यूठानमा पर्छ नी स्वर्गद्वारी त एकमुष्ट जवाफ दिएका थियौं । ०६४ मा आइपुग्दा म प्यूठान उद्योग वाणिज्य संघको निर्विरोध अध्यक्ष हुने अवसर प्राप्त पछि प्यूठानलाई चिनाउन महोत्सव लगाउनुपर्छ भन्ने सिङ्गो कार्यसमितिको एक मत रह्यो । तर महोत्सवको अगाडी स्वर्गद्वारी समेत थप्ने गरि करिव २ वर्ष लामो तयारी गरेर २०६५ फागुन २ देखि १२ सम्म महोत्सव शुरु गरियो ।

मेला महोत्सव सञ्चालन गरिरहेका विभिन्न जिल्लाको भ्रमण गरि तयारीलाइ टेवा पुग्यो । जिल्ला भित्र सवै राजनीतिक दल, स्थानीय निकाय, सरकारी कार्यालय सवैले हास्टेमा हैसे गर्ने निणर्य गरे। स्वर्गद्वारी आश्रममा स्थानीय प्रशा सन र संघको एउटा टोली दाङ घोराही हुँदै रोल्पाको होलेरीबाट स्वर्गद्वारी पुग्यौ र महोत्सव स्वर्गद्वारीकै नामबाट विजुवारमा स्वर्गद्वारीको प्रतिमा सहितको मन्दिर स्थापना गरि सञ्चालन गर्ने निणर्य भयो । त्यो वर्षसम्म प्यूठानबाट स्वर्गद्वारी जान पैदल जानु पर्दथ्यो । स्वर्गद्वारी जा नका लागि देविस्थान, उदयपुरकोट, स्याउलेघारी, गोठिवाङ, भिंगृ, धनवाङ जस्ता दर्जनौ ठाउँबाट सडक लैजानका लागि शुरुवात थिए तर कुन सडक मुख्य भन्ने थिएन तर हामी राजनीति समझदारी बनायौं र भिंगृ-स्वर्गद्धारी सडक खोल्ने निणर्य गर्यौं ।

केन्द्रमा सरकारका स्थानीय विकास मन्त्री एमालेका राम चन्द्र झा हुनुहुँदो रहेछ अहिलेका प्यूठानका प्रतिनिधि सभाका साँसद सूर्य थापाको सहयागमा हाम्रो प्यूठान उद्योग वाणिज्य संघको टोलीले राम चन्द्र झा लाई भेट गर्यौं । उहाँ अत्यन्तै सकारात्मक रहनु भयो । स्थानीय निकायको सहभागितामा बजेट विनियोजन गर्ने समझदारीमा जिल्ला विकास समिति प्यूठानसँग सहकार्य गरि भिंगृ-स्वर्गद्वारी सडक र खलंगा-थापाडाँडा-विजुवार सडक सञ्चालनमा ल्याउने कोषिस गरियो तर महोत्सव अगाडी खलंगा-थापाडाँडा-विजुवार सडक सञ्चालनमा ल्याएपनि भिंगृ-स्वर्गद्वारी सडक महोत्सव पछि सञ्चालनमा आयो । स्वर्गद्वारीमा पहिलो पटक सडकको लागि १ करोड रुपैयाँ बजेट बिनियोजन गरिएको खबर प्राप्त हुँदा हामी अचम्मै परेको भरखर जस्तो लाग्छ ।

आज स्वर्गद्वारी कहाँ होर ? भन्ने दिन गइसकेका छन । तर स्वर्गद्वारीको एकिकृत विकासको लागि स्वर्गद्वारी वरिपरि रहेको २६ हजार रोपनी जग्गा, दाङमा रहेको १ हजार ५४ विघा जमिनको समुचित प्रयोग गर्दै चाल्नेटारमा ‘स्वर्गद्वारी विमानस्थल’ सुविधा सम्पन्न होटल, रिसीट, स्वर्गद्वारी केवलकार अहिले पनि खड्किएका विषय हुन ।

महोत्सवका नकारात्मक पक्षलाई ख्याल गर्दै सकारात्मकलाई आत्मसाथ गर्ने यहि माघ ४ गते विजुवारमा भएको सर्वपक्षिय भेलामा सुझाव आएका छन । म आफु यो सुझावले निक्कै हर्षित भएको छु ।

## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- वर्षे आलु लगाई सक्ने बेला भयो ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने । हिउँदे फलफूलको बिरुवा लगाउने ।
- फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने । मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- कन्ये च्याउन खेती सुरु गर्ने ।

“कृषि, पर्यटन, उद्योग र ब्यापार : राष्ट्र निर्माणको बलियो आधार”

**लुम्बिनी प्रदेश स्तरीय कृषि, पर्यटन, ऊर्जा तथा औद्योगिक ब्यापार मेला**

**स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सव-२०७९**

(२०७९ फागुन ४ देखि १४ गते सम्म विजुवार, प्यूठान)

## स्टल बुकिङको लागि आवश्यक केही नियमहरू

**मेला संचालन हुने :-**

- मितिः- २०७९ फागुन ४ देखि १४ गतेसम्म स्थानः- गणतान्त्रिक खेल मैदान विजुवार, प्यूठान
- समयः- बिहान ०९:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म
- स्टल साईजः- ९/१० स्क्वायर फिट
- स्टलमा प्राप्त हुने सुविधा :- टेबुल १ थान, कुर्चि २ थान, विद्युत प्वाईण्ट १
- सजावट कार्यः- २०७९ फागुन ३ गते दिनको २ बजे सम्ममा गरिसक्नुपर्नेछ ।
- स्टल बाँडफाँडः- प्रदर्शन गर्ने वस्तु तथा सेवाहरुको प्रकृतिको आधारमा स्टलको बाँडफाँड व्यवस्थापन समितिले गर्नेछ । यसरी स्टल वाँडफाँड गर्दा कृषि, वन, लघु, घरेलु, ठूला एवं हस्तकला उद्योग, शिक्षा, स्वास्थ्य, पर्यटन, संस्कृति, सूचना तथा प्रबिधि, वित्तिय संस्था, अटोईन्जिनियरिङ्ग र होटल/रेष्टुरेण्ट आदी सम्बन्धि छुट्टाछुट्टै स्टलको व्यवस्था गरिनेछ ।
- होटल तथा रेष्टूरेण्ट सम्बन्धमाः- १५/१८ स्क्वायर फिट स्टल साईज रहनेछ । होटल तथा रेष्टुरेण्टको लागि आफूले बिक्रि गर्ने परिकारको मूल्यसूचि महोत्सव शुरु हुनु भन्दा ३ दिन अगावै व्यवस्थापन पक्षबाट प्रमाणित गर्नुपर्नेछ । खाजा/नास्ता होटलको लागि ९/१२ स्क्वायर फिट

**स्टल**

- सुरक्षा व्यवस्थाः- महोत्सव परिसरको सुरक्षाको लागि आयोजकको तर्फबाट आवश्यक सुरक्षाकर्मिहरुको व्यवस्था गरिनेछ । आफ्नो स्टल प्रदर्शनमा राखिएका वस्तुहरुको सुरक्षाको लागि स्टल प्रदर्शनीकर्ता पनि सजग रहनुपर्नेछ ।
- सम्पूर्ण स्टलको आगजनी, हुलदंगा, चोरी जस्ता आकस्मिक बिमा गरिएको हुँदा कुनै कारणवश क्षति हुनपुगेमा तुरुन्तै आयोजकलाई जानकारी गराउनुपर्नेछ । सोको लागि दैनिक रुपमा स्टलमा रहेका सामाग्रीको मौज्दात आयोजकलाई उपलब्ध गराउनुपर्नेछ ।
- बेलुकी स्टल छाड्नु भन्दा अगाडि आफ्ना सामानहरु ढाकछोप गरेर छाड्नुपर्नेछ ।

**स्टल प्रतिनिधिले ध्यान दिनुपर्ने कुराहरू :-**

- सामान्यतया बेलुकि ६:०० बजेभित्र आफ्नो स्टल बन्द गरिसक्नुपर्नेछ । कारणवश दर्शकहरु बाहिर निस्कने समय भएको अवस्थामा सामानको सुरक्षालाई ध्यानमा राखि सचिवालयबाट माईकिङ्ग गरि सुचित गरिएको समयसम्म स्टलमा सम्बन्धित प्रदर्शकहरु वस्नुपर्नेछ ।
- प्रत्येक स्टलमा प्रदान गरिएको विद्युत प्वाईन्ट भन्दा बढि प्वाईन्ट आवश्यक भएमा आफू खुशि गर्न पूर्ण मनाही गरिएको छ । १ भन्दा वढि प्वाईन्ट आवश्यक परेमा वा विद्युत आपुर्ति सम्बन्धि कठिनाई भएमा स्टल व्यवस्थापन समितिलाई सुचित गर्नुपर्नेछ ।
- प्रदर्शकहरुले आकस्मिक अवस्थाको लागि टर्च लाईट वा ईमरजेन्सी लाईटको व्यवस्था गर्नुपर्नेछ । मैनबत्ति प्रयोग गर्न पूर्ण निषेध गरिएको छ । साथै आयोजकले स्टलमा उपलब्ध गराएका सामानहरु हराए वा टुटफुट भएमा सोको क्षतिपुर्ति उपलब्ध गराउनुपर्नेछ ।
- स्टलको कुनै भाग कमजोर वा विग्रिन लागेको वा कतैबाट क्षति हुने देखिएको अवस्थामा तुरुन्तै स्टल व्यवस्थापन समितिलाई खबर गर्नुपर्नेछ ।
- प्रदर्शकहरु आफ्नो स्टलमा विहान ८:०० बजेदेखि सांझ ६ बजेसम्म बस्नुपर्नेछ ।
- सुरक्षाको दृष्टिले स्टल प्रदर्शकको तर्फबाट आफ्नो स्टलमा राति कुनै व्यक्ति राख्नु परेमा स्टल सुरक्षा व्यवस्थापन समितिद्वारा प्रदान गरिने फोटो सहितको परिचय पत्र लिनुपर्नेछ । परिचय पत्र नलिएका व्यक्तिलाई स्टलमा बस्न मिल्ने छैन ।
- फोहोर व्यवस्थापनको निमित्त परिसर भित्रको फोहोर राख्ने ड्रम प्रयोग गर्नुपर्नेछ । स्टल अगाडि जथाभावि फोहोर गर्न निषेध गरिएकोछ ।
- व्यवसाय प्रवर्द्धनको लागि स्टलबाट माईकिङ्ग गर्नुपर्ने भएमा अन्य स्टलहरु तथा लोकदोहोरी गित प्रतियोगितालाइ वाधा नपुग्नेगरि गर्नुपर्नेछ । वाधा पर्ने देखिएमा व्यवस्थापन समितिले रोक लगाउन सक्नेछ ।
- प्रदर्शक परिचय पत्रः प्रत्येक स्टललाई फोटो टाँसिएको २ वटा परिचय पत्र (गेट पास) दिईनेछ । निःशुल्क प्रवेश पत्रको लागि स्टलमा बस्ने प्रतिनिधिको २ प्रति फोटो यसै फारामसँग संलग्न राखि पठाउनुपर्नेछ । फोटो उपलब्ध भएपछि मात्र परिचय पत्र प्रदान गरिनेछ । परिचय पत्रमा फोटो टाँसिएका व्यक्तिले मात्र सो पास प्रयोग गर्न पाउनेछन्। २०७९ फागुन ३ गते २ बजे भित्र सचिवालयबाट परिचय पत्र आफै वुझिलिनु पर्नेछ ।
- स्टल भाडा फिर्ता नहुने सम्बन्धमाः स्टल आरक्षण/बुकिङ्ग भईसकेका प्रदर्शकहरु कुनै कारणवश मेलामा सहभागी नभएमा स्टल भाडा वापतको रकम फिर्ता दिईनेछैन ।
- पार्किङ व्यवस्था : प्रदर्शक सवारी साधनहरुको निशुल्कः पार्किङको लागि उचित पार्किङ स्थलको व्यवस्था गरिएको छ ।

**(नोटः फाराम आईपुग्नुपर्ने मितिः २०७९ फागुन १ गतेभित्र । थप फारामहरु आवश्यक परेमा फोटोकपी गरि प्रयोग गर्न सकिनेछ ।) संघका सदस्य उद्योगी/व्यवसायीहरुलाई उल्लेखित दररेटमा २५ प्रतिशत छुट दिईनेछ । फर्मको साथमा न्यूनतम ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्नुपर्नेछ ।**

**स्टल भाडादर :-**

| सि.नं. | स्टल विवरण | दररेट |
|---|---|---|
| १. | कृषि | निःशुल्क |
| २. | घरेलु लघु तथा महिला उद्यमी | ५,५००।- |
| ३. | चिया/नास्ता | १५,०००।- |
| ४. | अन्य (फेन्सी, कपडा, खाद्यान्न लगायत) | २०,५००।- |
| ५. | सरकारी कार्यालय, संघ संस्था, वित्तिय संस्थाहरु, विभिन्न परामर्शदाता, विमा संस्था (सेवामुलक) | १५,०००।- |
| ६. | व्यापारीक डिलर, कम्पनी, एजेन्सी | २५,०००।- |
| ७. | रेष्टुरेन्ट तथा होटल | २५,०००।- |
| ८. | अटो मोवाईल २ पांग्रे | २५,०००।- |
| ९. | वहुराष्ट्रिय कम्पनी | २०,०००।- |
| १०. | अटो मोवाईल ४ पांग्रे | ३५,०००।- |
| ११. | परम्परागत खाना, | ६,०००।- |
| १२. | इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स | २०,०००।- |
| १३. | कस्मेटिक, सर्जिकल, उत्पादिक सामाग्रीहरुको विक्रि तथा अन्य | १२,०००।- |

**अनुरोधक:**

**प्यूठान उद्योग वाणिज्य संघ**

**स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सव-२०७९**

**(मुल आयोजक समिति)**

# चौतारीको स्थापना दिवसमा थापालाई पुरस्कार, पौडेललाई सम्मान

**झुलेनी पोष्ट**
**प्यूठान**

प्रेस चौतारी नेपाल प्यूठान शाखाले २५ औं स्थापना दिवसको अवसरमा विविध कार्यक्रमको आयोजना गरि दिवस मनाएको छ। दिवसको अवसर पारेर शाखाले प्यूठान अस्पतालमा उपचारत बिरामीहरुलाई फलफुल वितरण गरेको हो। त्यसैगरी दिवसकै अवसरमा रक्तदान कार्यक्रम समेत गरेको छ। कार्यक्रममा २ जना पत्रकारले रक्तदान गरेका हुने अन्यले नाम टिपाएर आवश्यक परेको बेला रक्तदान गर्ने भएका छन्। त्यस्तै जिल्ला अस्पतालका मे.सु डा. प्रमिला खनालले बिरामीहरुलाई फलफूल वितरण गर्ने कार्य सराहनीय भएको र महत्वपूर्ण भूमिका खेलेको बताइन। उनले बिरामीहरुलाई फलफूल वितरण गरिएकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यी र यस्ता कार्य आवश्यक रहेको उनको भनाई छ। प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य गिरु भण्डारीले प्रेस चौतारी निकट संचारकर्मीहरु अझ शसक्त रुपमा आवाज




बिहिनहरुको आवाज उठाउने तथा भुईं मान्छेहरुको कुरा बोल्ने संगठन स्थापित भएको बताए। सोही दिवसको अवसरमा प्यूठान शाखाका पुर्व अध्यक्ष तथा लुम्बिनि प्रदेश सचिव एवम् पत्रकार एलबी थापा स्वर्गिय गोपालदास नकर्मि स्मृति पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका छन्। पत्रकारिताको माध्यमबा शाखाको संस्थागत विकास र समाज रुपान्तरणको काममा योगदान पुऱ्याएको योगदानको उच्च मुल्याङ्कन गर्दै पुरस्कृत गरिएको हो। प्रेस चौतारी प्यूठानका निवर्तमान अध्यक्ष नौमराज पौडेल प्रेस चौतारि नेपालबाट सम्मानित भएका छन्। स्थानीय तहको निर्वाचनमा मल्लरानी गाउँपालिका वडा नं. ३ को वडा अध्यक्ष पदमा निर्वाचित हुनुभएको र शाखाको संस्थाको विकासमा पुऱ्याएको योगदानको कदर स्वरुप सम्मान गरिएको हो। कार्यक्रममा लुम्बिनि प्रदेश सभा सदस्य तुल्सीराम शर्माको प्रमुख आतिथ्यता, प्रेस चौतारी नेपाल प्यूठान शाखाको अध्यक्ष बासुदेव गिरीको अध्यक्षता रहेको थियो।

# छोटकरी

## महोत्सवको अवसरमा डान्स आइडल प्रतियोगिता

प्यूठान। यहि फागुन ४ गतेदेखि हुन गइरहेको लुम्बिनी प्रदेश स्तरीय कृषि, पर्यटन, ऊर्जा तथा औद्योगिक व्यापार मेला, स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव २०७९ को अवसरमा बृहत नृत्य प्रतियोगिता प्यूठान डान्स आईडल संचालन भइरहेको छ। ग्रामीण क्षेत्रका नृत्य प्रतिभाहरुको खोजि गर्दै गाउँपालिका स्तरीय आइडल प्रतियोगिता सञ्चालन गरिएको हो। आईडलका लागि पालिका स्तरिय अडिसन थालनी भएको प्यूठान डान्स आईडल व्यवस्थापन समितिका संयोजक प्यार अलि खानले बताए।

आइडलले ५५ हजार ५ सय ५५, फस्ट रनर अपले ३३ हजार ३ सय ३३ र सेकेन्ड रनरअपले २२ हजार २ सय २२ रुपियाँ नगद पुरस्कार प्राप्त गर्ने उनले जानकारी दिए। पालिका स्तरीय अडिसन माघ २१ गते सरुमारानी गाउँपालिकाको बड्डाँडाबाट सुरु भएको हो। माघ २२ गते माण्डवी गाउँपालिकाको जस्पुर, माघ २३ गते स्वर्गद्वारी नगरपालिकाको जलुके, माघ २४ गते ऐरावती गाउँपालिकाको बराैंलामा प्रतियोगिता आयोजना भएको छ। त्यसैगरी, माघ २५ गते गौमुखी गाउँपालिकाको ढूलावेशी, माघ २६ गते झिमरुक गाउँपालिकाको मच्छी, माघ २७ गते नौबहिनी गाउँपालिकाको बाहाने, माघ २८ गते मल्लरानी गाउँपालिकाको चुँजाठाँटी र माघ २९ गते प्यूठान नगरपालिकाको जुम्रिमा प्रतियोगिता सञ्चालन हुने समितिले जनाएको छ।

जिल्लाभरबाट छानिएका प्रतियोगीले फागुन २ गते र ३ गते थप प्रतिस्पर्धा गर्नुपर्ने छ आइडलको थप २ वटा राउण्ड होटल आयुष्मा जुम्रीमा गरिने भएको छ। उत्कृष्ट २० जनालाई स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सवमा सहभागिता गराइने छ। निर्णायकको मूल्यांकन तथा मेलामा सहभागी हुने दर्शकको भोटिङका आधारमा विजेता घोषणा गर्ने तयारी गरिएको आयोजकले जनाएको छ।

## महोत्सवमा निःशुल्क स्वास्थ्य शिविर हुने

प्यूठान। यहि फागुन ४ गतेदेखि हुन गइरहेको स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव २०७९ मा विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन हुने भएको छ। स्वास्थ्य शिविर व्यवस्थापन समितिले महोत्सव अवधिमा ४ गतेदेखि १० गतेसम्म शिविर संचालन गर्ने निर्णय गरेको समितिका संयोजक एवं प्यूठान उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष रेशम के.सी.ले जानकारी दिए। लुम्बिनी सिटी अस्पताल तथा मेडिकल साईन्स प्रा.लि. बुटवलसँगको सहकार्यमा शिविर संचालन गरिने उनले बताए। शिविरमा बिरामी जाँच, ल्याव, एक्स-रे, औषधी लगायतका सुविधा निःशुल्क प्रदान गरिने लुम्बिनी सिटी अस्पतालका सञ्चालक बसन्त जिसीले बताए। प्रत्येक दिन फरक फरक क्षेत्रका विशेषज्ञ सेवा उपलब्ध गराउने उनले जानकारी दिए। शिविर व्यवस्थापनका लागि विजय फूलबारी बचत तथा ऋण सहकारी संस्थाले समेत सहकार्य गरेको छ शिविरमा खटिने स्वास्थ्यकर्मी सहितको जनशक्तिलाई आवास तथा खानाको व्यवस्था सहकारी मार्फत हुने सहकारीका व्यवस्थापक प्रकाश बैद्यले जानकारी दिए। महोत्सव स्थलमै स्वास्थ्य शिविर संचालन हुने भएकाले प्रवेशका लागि भने टिकट अनिवार्य रहेको महोत्सव सचिवालयले जनाएको छ।

# अपाङ्गता सम्बन्धी १ दिने अभिमुखीकरण गौमुखीमा

**झुलेनी पोष्ट**
**प्यूठान**

अपाङ्गता सम्बन्धी जनप्रतिनिधि र कर्मचारी हरुका लागि अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको छ। गौमुखी गाउँपालिकाको सहयोग र गाउँपालिका स्तरीय अपाङ्गता सञ्जालको आयोजनामा पालिकाको सभाहलमा कार्यक्रम सम्पन्न भएको हो। राष्ट्रिय अपाङ्ग महासंघ लुम्बिनी प्रदेशका सचिवालय सदस्य जुमान सिंह के.सीले कार्यक्रमको सहजिकरण गरेका थिए। उनले अपाङ्गता भएका व्यक्तिको बर्तमान अवस्था, बनेका निति नियम, अपाङ्गता परिचय पत्र वितरण प्रक्रिया, सेवा सुविधा र स्थानीय तहले अपाङ्गता भएको व्यक्तिको अधिकार र सेवा प्रवाहमा गर्नुपर्ने




भुमिकाको बिषयमा सहजिकरण गरेका हुन्। गौमुखी गाउँपालिका उपाध्यक्ष महाविर राना मगरले अपाङ्गता भएका व्यक्तिको सवालमा गाउँपालिका संवेदनशिल भएको बताए। त्यस्तै गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत खुम बहादुर घर्ति मगरले अपाङ्गता भएका व्यक्तिका हक हित र विकासमा सबैको ध्यान जानु पर्ने आवश्यकता रहेको बताए। साथै अधिकृत घर्तिले अपाङ्गता मैत्री सेवा प्रवाहमा आफुहरु प्रतिवद्ध रहेको जनाए। अपाङ्ग सञ्जालका अध्यक्ष निरज हमालको अध्यक्षता रहेको कार्यक्रमको सञ्चालन उमा अर्यालले गरेका थिए।

## महोत्सवको प्रचार गर्न टिकटक प्रतियोगिता

प्यूठान। स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव २०७९ प्रवर्द्धनका लागि उत्कृष्ट टिकटक बनाउनेप्रयोगकर्तालाई पुरस्कार प्रदान गरिने भएको छ। शुक्रवार बसेको डिजिटल मेला महोत्सव प्रवर्द्धन समितिको बैठकले दुई विधामा टिकटक प्रतियोगिता संचालन गर्ने निर्णय गरेको हो। महोत्सव अगावै प्रवर्द्धनात्मक तथा सिर्जनशिल टिकटक मध्ये उत्कृष्ट तीनलाई पुरस्कारको व्यवस्था गरिएका समितिका संयोजक डिल्लीराम पराजुलीले बताए। दोश्रो चरणमा महोत्सव अवधि र स्थलमै टिकटक बनाउने उत्कृष्ट तीन जनालाई पुरस्कृत गर्ने निर्णय गरेको छ। महोत्सव प्रचार प्रसारलाई टेवा पुग्ने र जिल्लाको पहिचानलाई बढाउने गरी प्रतियोगितालाई प्राथमिकता दिइएको समितिले जनाएको छ। भिडियोहरु #pyuthanmahotsav ह्यास ट्याग अनिवार्य रुपमा प्रयोग भएको हुनपर्नेछ। महोत्सवलाई प्रविधियुक्त बनाउन, जिल्लाको पर्यटकिय क्षेत्रको प्रचार, प्रसार र प्रवर्द्धन गर्न र महोत्सवको डिजिटल प्रविधि मार्फत सहज पहुँच पुऱ्याउन यस्तो प्रतियोगिताको योजनाहरु अघि सारिएको समितिका सहसंयोजक एलवी थापाले जानकारी दिए। सामाजिक सञ्जालको प्रयोगबाट सकरात्मक गतिविधि सम्प्रेषण गर्न आग्रह गरिरएको छ।

# मैरामारेमा पुग्यो बस सेवा : स्थानीय खुसी

**झुलेनी पोष्ट**
**प्यूठान**

नौबहिनिको गाउँपालिका वडा न. ७ मैरामारेबाट बस सेवा सुरु भएको छ। स्वर्गद्वारी गौमुखी यातायात प्राली द्वारा स्थानीयको सुविधाको लागि बस सेवा सुरु भएको जनाईएको छ। बस सेवा सुरु हुदा त्यहाका स्थानीय हर्षित हुँदै बसका चालक गुन्ज बहादुर घर्ति मगरलाई फुल माला र अविर लगाएर स्वागत सहित सम्मान गरेका छन्। साविकको फोप्ली गाविसको निकै दुर्गम मानिने वडा न. ८ र ९ मा यातायातको पहुँच बिस्तार भएपछि पहिलो पटक बस सेवा सुरु भएको हो। नौबहिनी गाउँपालिकाले स्थानीय तह लागु भएसँगै गाउँपालिकाबाट करिव ५० लाखको बजेट बिनियोजन गरी बल्लेखोला मैरामारे मोटर बाटोको ट्रयाक खोलिएको थियो।

नौबहिनी वडा न. ७ का पुर्व वडा अध्यक्ष दिलमान रानाले लामो समयको प्रतिक्षापछि बल्ल ७ न. वडामा विकास आएको महसुस भएको बताए। बल्लेखोला मैरामारे सडकमा बस आए पनि कच्ची र साघुरो सडक भएकाले यात्रा गर्न निकै जोखिम रहेकाले अझै सडक सुधारमा ध्यान दिनुपर्ने उनको भनाई छ। नियमित सवारी गाडि नहुँदा यहाँका स्थानीयलाई सहजै यात्रा गर्न कठिन थियो। स्थानीयले माल सामान ढुवानी गर्ने पिक जिपमा सवार गर्न स्थानीय बाध्य थिए। दैनिक र नियमित रुपमा बससेवा सञ्चालनमा आए लामो समयदेखिको हैरानीबाट स्थानीय मुक्त हुने भएका छन्।

# सुस्त मनस्थितिका बालबालिकालाइ न्यानो कपडा

**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्यूठानले जनता माध्यमिक विद्यालय बाग्दुलामा अध्ययनरत सुस्त मनस्थितिका बालबालिकालाई न्यानो कपडा कम्बलहरू वितरण गरेको छ। उक्त विद्यालयमा १२ जना सुस्त मनस्थितिका बालबालिका अध्यनर रहेपनि कतिपय घरदेखी नै पढ्नका लागि आउने गर्ने भएकोले होस्टेल बस्दै आइरहेका ५ जनालाई मात्र प्रतिव्यक्ति १ थानका दरले वितरण गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्यूठानका सभापति गुमानराज पुलामीले बताए। यो शाखाले पुष २६ गते भुवनेश्वरी माध्यमिक विद्यालय खैरामा अध्ययनरत २१ जना सुस्त श्रवण भएका विद्यार्थीलाई र महेन्द्र नमुना माध्यमिक विद्यालय खलंगामा रहेका दृष्टिविहिन १४ जनालाई कपडा वितरण गरेको थियो। शाखाले आफुले सक्ने सहयोगहरु सधै गर्दै आइरहेको र राहतका कार्य आगामी दिनमा पनि निरन्तर रहने सभापति पुलामीले बताए। अपाङ्गता भएका त्यसैमा बिपन्न परिवारका उनिहरुले घरबाट किन्न नसक्ने स्थितिका भएकाले सहयोग स्वरुप दिइएको हो। मानविय समस्या देखी लिएर, थुप्रै सामाजिक कार्यमा निष्पक्ष तरिकाले गरिब दिनदुखीहरुलाई सहयोग गर्दै आइरहेको उनले बताए। साथै शाखाले यहि माघ २७ गते अधिबेशन हुने समेत जनाएको छ अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने पनि सभापति पुलामीले जानकारी

## अपराध न्युनिकरण गर्न चेतनामुलक कार्यक्रम

प्यूठान। समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय मातहतका कार्यालय मार्फत जिल्ला प्रहरीले समुदाय स्तरमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। ईलाका प्रहरी कार्यालय लुङ बहाने र ओखरकोट, प्रहरी चौकी मरन्ठाना, अस्थायी प्रहरी पोष्ट बाग्दुला, लामाचौर, कैरन र खाल प्यूठानबाट आ-आफ्नो वडा एरियाहरुमा प्रहरी टोलीले जनचेतना मुलक कार्यक्रम सञ्चालन गरेको छ। स्थानीय रुपमा सचेतीकरण अभियान अन्तर्गत विभिन्न स्थानमा स्थानीय समाजसेवी, बुद्धिजिवी र सर्वसाधारण व्यक्तिहरुलाई समावेश गरी गाउँ र टोल टोलमा हुन सक्ने अपराधिक प्रवृतिका क्रियाकलापको निगरानी गर्न स्थानीयलाई आग्रह गर्ने गरिएको छ। समुदायमा त्रसित हुने गरी अनावश्यक हल्ला, अफवाह नफैलाई सुरक्षित समाज निर्माणमा लाग्न र अपराध अनुसन्धान तथा नियन्त्रणमा प्रहरीलाई सहयोग गर्न प्रहरीले अनुरोध गर्दै जनचेतनाम मुलक कार्यक्रम सञ्चालन गरिदै आएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ।

# स्वस्थ आहारका लागि यस्तो रुटिन

## सुनौलो अवसर ! सुनौलो अवसर !! सुनौलो अवसर !!!

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा यहि मिति २०७९ माघ २९ गतेदेखि प्यूठान जिल्लाका तपसिलमा उल्लेखित मिति र स्थानमा परिवार नियोजन स्थायी बन्ध्याकरण महिलाहरूको लागि मिनिल्याप र पुरुषहरूका लागि भ्याक्सेटोमी गर्ने शिविर राखिएको हुँदा सन्तानको रहर पुगेका इच्छुक दम्पतीहरुले आफूलाई पायक पर्ने स्थानमा गई सेवा लिनुहुन अनुरोध छ ।

**शिविर सञ्चालन हुने स्थान र मिति**

| क्र.सं. | पुजा स्वास्थ्य चौकी | २०७९ माघ २९ गते |
|---|---|---|
| १ | ओखरकोट स्वास्थ्य चौकी | २०७९ फागुन १ गते |
| २ | बाहाने सामुदायिक स्वास्थ्य इकाइ | २०७९ फागुन ३ गते |
| ३ | भिङ्ग्री प्राथमिक स्वास्थ्य केन्द्र | २०७९ फागुन ५ गते |
| ४ | देविस्थान स्वास्थ्य चौकी | २०७९ फागुन ६ गते |
| ५ | बाङ्गेसाल स्वास्थ्य चौकी | २०७९ फागुन ७ गते |
| ६ | घरमपानि स्वास्थ्य चौकी | २०७९ फागुन ०९ गते |
| ७ | बरौला स्वास्थ्य चौकी | २०७९ फागुन ११ गते |
| ८ | सापडाँडा स्वास्थ्य चौकी | २०७९ फागुन १३ गते |

नोटः अन्य थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहुन अनुरोध छ । साथै महिला स्थायी वन्ध्याकरण सेवा लिनका लागि खालीपेट आउनु पर्नेछ ।

अनुरोधक :
**स्वास्थ्य कार्यालय**
विजुवार प्यूठान

## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान

## सडक डिभिजन कार्यालय प्यूठानको सुचना

प्रस्तुत विषयमा सडक भिभिजन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भालुवाङ-चकचके सडक खण्ड अन्तर्गत NH-53 को चेनेज ३७+००० देखि ३८+००० कि.मि. खण्डमा मिति २०७९ पुस २८ गतेदेखि अर्को सुचना नहुँदा सम्मको लागि सडक बिस्तार गर्न गइरहेको हुँदा तपसिलको समयमा सडक बन्द रहने सूचना सम्बन्धित सबैमा सादर अनुरोध गरिन्छ ।

**तपसिल :**

१) **स्थान** : भालुवाङ-चकचके सडक खण्ड
२) **चेनेज** : ३७+००० ३८+००० कि.मि.
३) **सडक बन्द हुने समय** :
बिहान ११:०० देखि बेलुका ५:०० बजेसम्म
४) **सडक खुल्ने समय** :
बिहान ८:०० देखि ११:०० बजे र
बेलुका ५:०० देखि ९:०० बजेसम्म

**अनुरोधक**
**सडक डिभिजन कार्यालय, प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

**अनुरोधक**
**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भ्यागुते प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिऊँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिऊँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

**अनुरोधक**
**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लिवासे प्यूठान, लुम्बिनी प्रदेश

# माझकोटमा अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम



**झुलेनी पोष्ट**
**प्यूठान**

जेष्ठ नागरिक संजाल, सामाजिक विकास उपशाखा अन्तरगत पर्ने अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम प्युठान नगरपालिका वडा न ६ को धर्मावति माध्यमिक बिद्यालय लम्छ्याङ मा सम्पन्न भएको छ। प्युठान नगरपालिका सामाजिक बिकास समिती महिला तथा बालबालिका शाखा अन्तर्गत प्युठान नगरपालिका र नगर स्तरीय जेष्ठ नागरिक को आयोजना मा सो कार्यक्रम भएको हो । कार्यक्रममा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई जेष्ठ नागरिक प्रति गर्ने व्यवहार, पछिल्लो समयमा भएको पुस्तान्तरणको असर, बालबालिकाहरुले जेष्ठ नागरिक प्रति गर्नुपर्ने कर्तव्य र दायित्वको बिषयमा सु.सचित गरिएको जेष्ठ नागरिक संजालका अध्यक्ष देवराज गौतमले जानकारी दिए।

त्यस्तै वडा अध्यक्ष नरेन्द्र पुन मगरले जेष्ठ नागरिक को हो, उहाँहरुलाई कस्तो व्यवहार गर्ने लगायतका बिषयमा समयमै सचेत हुन आवश्यक रहेको बताए। त्यस्तो कार्यमा आफु सधै अग्रसर रहने समेत उनले बताएको छन् । यो संजालले बिशेष गरी प्यूठान नगरपालिका भित्र रहेर विगत देखी नै जेष्ठ नागरिक, बालबालिका, महिलाकोहरुको बिषयक अन्तरगत रहेर काम गर्दै आएको संजालका अध्यक्ष गौतमले बताए।


यो आर्थिक बर्ष २०७९र०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पहिलो धर्मावति माध्यमिक बिद्यालय लम्छ्याङ मा गरेको उनले जानकारी दिए।

साथै यो बर्ष संजालले विभिन्न ५ विद्यालयमा कार्यक्रम गर्ने भएको छ। जसमा धर्मावति माध्यमिक बिद्यालय लम्छ्याङ मा गरिसकेको छ भने बाकी ४ विद्यालय बालविद्या मा.वि मरन्ठानामा १८ गते आज, क्षेत्रविकास मा.वि पुण्यखोला १९ गते, भुवनेश्वरी मा.वि खैरा २४ गते र बास्बोट मा.वि जुम्रिकाँढा २५ गते गरिने भएको हो। जेष्ठ नागरिक संजालका अध्यक्ष देवराज गौतमको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि ६ नं वडा अध्यक्ष नरेन्द्र पुन मगर र अतिथि विद्यालयका प्राध्यानाध्यापक पुस्पलाल पुन रहनुभएको थियो।

# सुर्यज्योति लाइफद्वारा मृत्यु दाबि भुक्तानी

**झुलेनी पोष्ट**
**प्यूठान**

सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनि लि. प्यूठानले मृत्यु दाबि भुक्तानी गरेको छ । बिमितको परिवार झिमरुक गाउँपालिका वडा नं. ६, निवासी खलान घर्तिमगरलाई ७ लाख १४ हजार रुपैयाँ बुझाएको शाखा प्रवन्धक धर्मराज अधिकारीले जानकारी दिए । उनका अनुसार खलान बहादुरको श्रीमती रिमा घर्तिमगर प्रस्तावक भई उहाँको नाबालक छोरी छाया घर्तिमगरको ज्योति सुनौली भविष्य बाल जिवन बिमा गराइएको थियो । छोरीको बिमा बनाउँदा ज्योति म्यादी बिमा अन्तर्गतको मृत्यु दाबि भुक्तानी गरीएको प्रवन्धक अधिकारीको भनाई छ। २०७७ असोजमा बिमा गराएका उनको २०७९ मंसिरमा हृदयघातका कारण बिरामी भई उपचारका क्रममा मृत्यु भएको थियो।






बिमितको परिवारलाई प्युठान उद्योग वाणिज्य संघका उपाध्यक्ष रेशम केसिको प्रमुख आतित्थ्यतामा हसणतान्तरण गरिएको हो । कार्यक्रममा मन्तव्य राख्दै उपाध्यक्ष केसिले जीवन बिमामा सानो र थोरै भएपनि लगानि गर्दा मृत्य पश्चात् परिवारलाइ सहयोग मिल्ने भएकाले बिमा गर्न पछि पर्न नहुने बताए । त्यसैगरि बिमित रकम लगेर दुरूपयोग नगरि सहिठाउमा प्रयोग गर्न समेत आग्रह गरे । सो बिमा अन्तर्गत प्रस्तावक हकवाला आमाको मृत्यु भएकोले सुनौलो भविष्य बाल जिवन बिमा वापतको अबदेखि बुझाउनुपर्ने सबै रकम कम्पनीले जम्मा गरिदिने भएको छ। त्यसैगरी शैक्षिक विकासका लागि कम्पनि मार्फत बिमा अवधि सकिदा सम्म मासिक ७ हजार रुपैयाँ उपलब्ध गराउने समेत प्रवधन्क अधिकारीले जानकारी दिए।

# ५३ औं वार्षिक उत्सवका बिविध कार्यक्रम

**झुलेनी पोष्ट**
**प्यूठान**

झिमरुक गाउँपालिका वडा नम्बर १ सौतामारे स्थित अमर सिंह मा.बि.को ५३ औं वार्सिक उत्सब तथा अभिभावक दिवस विविध कार्यक्रमको आयोजना गरि मनाएको छ । दिवस कार्यक्रममा जिल्ला समन्वय समिती प्युठानका प्रमुख धरम बहादुर जि.सी.ले शिक्षाको सुधार हुँदै गएको र अव बैकल्पिक शिक्षाको आवश्यकता रहेको बताए। उनले विद्यालयलाई परेको समस्याहरु वडाबाट सिफारिस भएर आएमा आफुले त्यसलाई समाधान तर्फ लैजाने बताए।

त्यस्तै झिमरुक गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास रिजालले शिक्षाको क्षेत्रलाई अगाडी बढाउन शिक्षक, अभिभाव, विद्यार्थीनै लगाव भएर लाग्नुपर्ने बताए। अन्य वक्ताहरुले ब्यबहारिक शिक्षा बिना समृद्धिको परिकल्पना गर्न नसकिने भएकाले त्यसको लागि अभिभावक शिक्षक विद्यार्थी बिच तृकोणात्म सम्बन्ध भए मात्र शिक्षामा उपलब्धि हासिल गर्न सकिने बताएका छन्।




कार्यक्रमको अवसरमा अभिभावक, उत्कृष्ठ विद्यार्थी, शिक्षक लगायतलाई सम्मान गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिती प्रमुख धरम बहादुर जि.सि, विशिष्ट अतिथि झिमरुक गाउँपालिकाका प्रमुख प्रशासनिक अधिकृत सुवास रिजाल लगायत वडा अध्यक्ष धुर्व खनाल, दधिराम पोखेल, शिक्षा शाखा प्रमुख मोहन बिसी, वडाका निर्वाचित जनप्रतिनिधि, शिक्षाप्रेमी, समाजसेबी, अभिभावक र विद्यार्थी लगायत सरोकारवालाहरुको उपस्तिथि रहेको थियो।

## एड्स तथा यौन रोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं । यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एच. आई. भि. नियमित परीक्षण गरौं ।
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

अनुरोधक :
स्वास्थ्य कार्यालय प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिका बासीमा अनुरोध !

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपनत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिऔं र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिऔं ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर प्यूठान, लुम्बिनी प्रदेश

## झुलेनी पोष्ट साप्ताहिकमा

लेख, रचना, कविता, समाचार, सुचना, सन्देश, बधाई, समवेदना लगायत अन्य जुनसुकै विविध विषयको प्रचार प्रसार र प्रकाशन गर्नुपरेमा हामिलाई सम्पर्क गर्नुहोस् ।

झुलेनी युनाईट नेटवर्क प्रा.लि., बिजुवार भौका प्यूठान
फोन : ०८६-५९०४३६, Email : jhulenipyuthan@gmail.com

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**

**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खलङ्गा प्यूठान, लुम्बिनी प्रदेश

## घरेलु तथा साना उद्योग कार्यालय प्यूठानको निशुल्क ब्याजमा ऋण लिने सम्बन्धी अत्यन्त जरुरी सूचना:

सूचना प्रकाशन मिति:२०७९ माघ २४ गते

लुम्बिनी क्षेत्रमा उद्योग क्षेत्रमा लगानी प्रवर्द्धन गर्न कोभिडको प्रभावले रोजगारी गुमाएका तथा उद्यम शिलाताको माध्यमबाट युवा पुस्तालाई स्वदेशमै रोजगारी प्रवर्द्धन गर्न लुम्बिनी प्रदेश उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको कार्यक्रम अनुसार उद्योगीहरुलाई ब्याज अनुदान दिने कार्यक्रम रहेकोले आ.व. २०७६ श्रावण पछाडी दर्ता भएका उद्योगहरुले उद्योग दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाण पत्र, व्यवसायिक योजना र अन्य निकायहरुबाट अनुदान नलिएको स्वघोषणा सहित कार्यालयबाट तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैमा जाकारी गराईन्छ।

थप जानकारीका लागि कार्यालयको वेभसाइट www.csipyuthan.p5.gov.np फेस बुक पेज gharelupyuthan मा हेर्न वा कार्यालयको फोन नं ०८६-४२००७७ मा सम्पर्क गर्न सकिनेछ।

**घरेलु तथा सना उद्योग कार्यालय, खलङ्गा प्यूठान**

## डिभिजन वन कार्यालय, प्यूठानको अनुरोध

देहाय बमोजिमका कार्य गर्न, गराउन दण्डनिय हुन्छ ।

वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय सञ्चालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य अपराध हुन् । यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनुहुन सबैमा अनुरोध गरिन्छ ।

**अनुरोधक :**
**डिभिजन वन कार्यालय खलङ्गा प्यूठान**

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानुनी रुपमा दण्डनिय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

**अनुरोधक**

**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बाहाने प्यूठान,लुम्विनी प्रदेश

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाव नगरौं ।
- शौचालयमा मात्र दिसा पिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुन पानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
- जीवाणु लगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**

अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२),

कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान